"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, बबरमहल

# प्रेस विज्ञप्ति

मितिः २०८२/१२/२६

१. बिगत महिनादेखि मध्यपूर्वमा जारी रहेको युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको निरन्तर मूल्यवृद्धि भइरहेको छ। सो युद्धका कारण पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय बजारमा निरन्तर मूल्य वृद्धि भई इण्डियन आयल कर्पोरेशनबाट प्राप्त मूल्य अनुसार स्वचालित मूल्य प्रणाली बमोजिम मूल्य समायोजन हुन सकेको छैन।

२. पछिल्लो पटक मिति २०८२/१२/१९ को राती १२ बजेदेखि लागू हुने गरी कायम गरिएको पेट्रोलियम पदार्थको मूल्य समायोजन पश्चात् निगमको घाटाको अवस्था देहाय बमोजिम रहेको थियो।

| विवरण | पेट्रोल | डिजेल | मट्टीतेल | हवाई इन्धन आन्तरिक | हवाई इन्धन बाह्य | एल.पी.ग्यास |
|---|---|---|---|---|---|---|
| निगमबाट बिक्री गर्दा हुन आउने लागत मूल्य (रु./प्रति लिटर/प्रति सिलिण्डर) | २३६।३६ | ३०२।५४ | २४६।०६ | २५६।७५ | २६३।४० | २,३२६।३७ |
| खुद्रा बिक्री मूल्य(रु./प्रति लिटर/प्रति सिलिण्डर) | २०२।०० | १८२।०० | १८२।०० | २५१।०० | डलर १।७८५ | १,९१०।०० |
| नाफा/घाटा (रु./प्रति लिटर/प्रति सिलिण्डर) | -३४।३६ | -१२०।५४ | -६४।०६ | -५।७५ | ६।९२ | -४१६।३७ |
| पाक्षिक बिक्री परिमाण (प्रति किलोलिटर/प्रति सिलिण्डर) | ३३,१०८ | ८२,२७७ | ८६५ | २,६१६ | ५,८९२ | १,५२२,४४४ |
| नाफा/घाटा रु. करोडमा (पाक्षिक) | -११३।७६ | -९९१।७८ | -५।५४ | -१।५० | ४।०८ | -६३।३९ |
| कुल जम्मा नाफा/घाटा रु. करोडमा (पाक्षिक) | -१,१७१।८९ | | | | | |

३. नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय अनुसार भन्सार महसुल र पूर्वाधार विकास करमा मिति २०८२/१२/२४ गते देखि पचास प्रतिशत छुट पश्चात् पेट्रोल, डिजेल र मट्टितेलको कर देहाय बमोजिम रहेको छ।

| सरकारी कर/राजस्व | पेट्रोल (रु./प्रति लिटर) | | डिजेल (रु./प्रति लिटर) | | मट्टीतेल (रु./प्रति लिटर) | |
|---|---|---|---|---|---|---|
| | पहिले | हाल | पहिले | हाल | पहिले | हाल |
| सरकारी भन्सार तथा प्रज्ञापन शुल्क/कर | २५।२३ | १२।६३ | १२।०३ | ६।०३ | १२।०३ | ६।०३ |
| सडक मर्मत संभार शुल्क/कर | ४।०० | ४।०० | २।०० | २।०० | | |
| प्रदुषण शुल्क/कर | १।५० | १।५० | १।५० | १।५० | | |
| पूर्वाधार कर | १०।०० | ५।०० | १०।०० | ५।०० | | |
| हरित कर | १।०० | १।०० | १।०० | १।०० | | |
| मु. अ. कर | २३।२४ | २३।२४ | २०।९४ | २०।९४ | २०।९४ | २०।९४ |
| मूल्य स्थिरीकरण कोष शुल्क | २।०२ | २।०२ | १।८२ | १।८२ | १।८२ | १।८२ |
| **जम्मा सरकारी राजस्व** | **६६।९८** | **४९।३८** | **४९।२८** | **३८।२८** | **३४।७८** | **२८।७८** |

माथि उल्लिखित भन्सार महसुल र पूर्वाधार विकास करमा पचास प्रतिशत छुट पश्चात् निगमको अवस्था देहाय बमोजिम हुने देखिन्छ।

"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, बबरमहल

| विवरण | पेट्रोल | डिजेल | मट्टीतेल | हवाई इन्धन आन्तरिक | हवाई इन्धन बाह्य | एल.पी.ग्यास |
|---|---|---|---|---|---|---|
| निगमबाट बिक्री गर्दा हुन आउने लागत मूल्य (रु./प्रति लिटर/प्रति सिलिण्डर) | २१८।६५ | २९१।५० | २४०।०३ | २५६।७५ | २६३।४० | २,३२६।३७ |
| खुद्रा बिक्री मूल्य(रु./प्रति लिटर/प्रति सिलिण्डर) | २०२।०० | १८२।०० | १८२।०० | २५१।०० | डलर १।७८५ | १,९१०।०० |
| नाफा/घाटा (रु./प्रति लिटर/प्रति सिलिण्डर) | -१६।६५ | -१०९।५० | -५८।०३ | -५।७५ | ६।९२ | -४१६।३७ |
| पाक्षिक बिक्री परिमाण (प्रति किलोलिटर/प्रति सिलिण्डर) | ३३,१०८ | ८२,२७७ | ८६५ | २,६१६ | ५,८९२ | १,५२२,४४४ |
| नाफा/घाटा रु. करोडमा (पाक्षिक) | -५५।११ | -९००।९६ | -५।०२ | -१।५० | ४।०८ | -६३।३९ |
| कुल जम्मा नाफा/घाटा रु. करोडमा (पाक्षिक) | -१,०२१।९१ | | | | | |

४. उल्लिखित तालिका अनुसार भन्सार महसुल र पूर्वाधार विकास कर समायोजन पश्चात् निगमलाई पाक्षिक रु.१० अर्ब २१ करोड ९१ लाख अझै घाटा हुने अवस्था छ। हालको अवस्थामा निगमलाई पेट्रोलमा प्रति लिटर रु.१६।६५, डिजेलमा प्रति लिटर रु.१०९।५० तथा एल.पि. ग्यासमा प्रति सिलिण्डर रु.४१६।३७ घाटा रहेको छ। निगमलाई पाक्षिक रुपमा कुल जम्मा **रु.१० अर्ब २१ करोड ९१ लाख घाटा** हुने देखिन्छ। निगमलाई उपरोक्त अनुसारको घाटा निरन्तर भईरहेमा इण्डियन आयल कर्पोरेशनलाई दिने भुक्तानीमा समेत असर पर्न जाने र आपूर्ति व्यवस्थापनमा असहजता सृजना हुने भएकाले हाललाई लागत मूल्य अनुसार बृद्धि नगरी पेट्रोलमा प्रति लिटर रु.१७।०० डिजेल/मट्टितेलमा प्रति लिटर रु.२५।०० तथा एल.पि. ग्यासमा प्रति सिलिण्डर रु.१०० र हवाई इन्धन आन्तरिक तर्फ रु.६।०० ले बृद्धि गरिएको छ ।

| क्र. सं. | पेट्रोलियम पदार्थ | साबिकको खुद्रा बिक्री मूल्य रु. (प्रति लिटर) | | | मिति २०८२/१२/२७ को बिहान ००:०१ बजेदेखि कायम हुने नयाँ खुद्रा विक्री मूल्य मू. अ. कर सहित रु. (प्रति लिटर) | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग |
| १. | पेट्रोल | १९९।५० | २०१।०० | २०२।०० | २१६।५० | २१८।०० | २१९।०० |
| २. | डिजेल/मट्टितेल | १७९।५० | १८१।०० | १८२।०० | २०४।५० | २०६।०० | २०७।०० |
| ३. | एल.पि. ग्यास | १९१० (१४.२ के.जि)/९५५ (७.१के.जि) | | | २०१० (१४.२ के.जि)/१००५ (७.१के.जि) | | |
| ४. | हवाई इन्धन (आन्तरिकतर्फ) | २५१।०० | | | २५७।०० | | |

५. यसरी पेट्रोलियम पदार्थको खुद्रा बिक्री मूल्य समायोजन गर्दा पनि निगमलाई पाक्षिक रुपमा **७ अर्ब ८१ करोड घाटा** हुने देखिन्छ र अन्तर्राष्ट्रिय बजारमा भएको आकस्मिक मूल्य बृद्धिका कारण उत्पन्न भएको बिषम परिस्थितिप्रति नेपाल आयल निगम सबै उपभोक्ता एवं सरोकारवालाहरूसँग सहयोगको लागि आह्वान गर्दै पेट्रोलियम पदार्थको प्रयोगमा मितव्ययीता अपनाईदिनुहुन अनुरोध गर्दछौं।

धन्यवाद।

प्रवक्ता